**Prithvi Journal of Research and Innovation**
[A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal; Indexed in NepJOL]
ISSN 2705-4888 [Print]; ISSN 2705-4896 [Online]; JPPS Star-Rated Journal
Volume 5; 15 December 2023; pp. 124-138
eJournal Site: http://ejournals.pncampus.edu.np/ejournals/pjri/

# *अग्नि* महाकाव्यमा दलित उत्पीडन र प्रतिरोधको विमर्श
# [Dalit Subjugation and Resistance in the Epic *Agni*]

सुलोचना खनाल [Sulochna Khanal]
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, नेपाल
[Department of Nepali, Prithvi Narayan Campus, Pokhara, Nepal]
ORCID: https://orcid.org/0009-0009-4324-966X

**Article History:**
*Submitted 02 October 2023*
*Reviewed 01 November 2023*
*Revised 03 November 2023*
*Accepted 03 December 2023*

**Corresponding Author:**
*Sulochana Khanal*
*Email: skhanal679@gmail.com*

**Article DOI**:
*https://doi.org/10,3126/pjri.v5i1.60702*

**Copyright Information:**
*Copyright 2023 © Authors of this journal; With authors' permission, the copyright is transferred to the publisher for the first edition only. This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.*

**Publisher:**
*Centre for Research and Innovation*
*Prithvi Narayan Campus*
*Tribhuvan University, Pokhara, Nepal*
*[Accredited by UGC, Nepal]*

*Tel.: +977-61-576837*
*Email: research@pncampus.edu.np*
*URL: www.pncampus.edu.np*

**सार [ABSTRACT]**

नवराज लम्सालको *अग्नि* (२०७८) महाकाव्य दलित समस्याको केन्द्रीयतामा रचिएको हुँदा यहाँ सोही कोणबाट विमर्श गरिएको छ । दलित साहित्य सिद्धान्तका आधारमा विमर्श गरिएको हुँदा यसको विमर्श पद्धति मूलतः निगमनात्मक विधिमा आधारित छ । यसको विषय विश्लेषण गुणात्मक शोधको ढाँचामा छ । यसका आधार र सैद्धान्तिक सामग्री पुस्तकालयबाट लिइएका हुँदा सामग्रीको स्रोत भने पुस्तकालय हो । गैरदलितले दलित समस्याकेन्द्री रचना लेख्नु आफैमा निकै चुनौतीपूर्ण विषय भए पनि नेपाली महाकाव्य परम्परामा यस महाकाव्यको रचना निकै सार्थक बनेको छ किनभने यसमा दलितको लुप्तप्रायः इतिहासलाई नवइतिहासवादी कोणबाट उत्खनन गरी बुनिएको छ । जातीय विभेदमा आधारित उत्पीडनका कारण दलित साहित्यमा धेरैजसो देखिने दलितका आवेग, आक्रोश र विद्रोहका चर्का रूप यसमा नदेखिए पनि गैरदलित महाकाव्यकारको सुधारवादी दृष्टिकोणकै परिधिमै यसमा संयमित आवेग, आक्रोश र प्रतिरोध चेतना आएका छन् । तिनको अभिव्यक्ति ठुले कामी, छेलाडी विश्वकर्मा र जुनीमायामार्फत गरिएको छ । ऐतिहासिक पात्र ठुले कामीमा प्रतिरोध चेतना रहे पनि उनले उत्पीडक सामु व्यक्त गर्न सकेका छैनन् तर मर्ने बेलामा छोरा सामु तीप्रतिको घृणा भाव व्यक्त गर्दै सन्तानलाई सचेत त बनाएका छन् । वर्तमान समयका छेलाडी र जुनीमायाले भने तार्किक ढङ्गमै प्रतिरोध गरेका छन् । छेलाडीको प्रतिरोधमा बौद्धिकता र तार्किकता बढी पाइन्छ भने जुनीमायाको प्रतिरोधमा व्यावहारिकता बढी देखिएको छ । आफ्नो उत्पीडनप्रति गरिएको दलितको यही संयमित प्रतिरोध चेतनाले महाकाव्य सामयिक र आकर्षक बनेको छ । [Naba Raj Lamsal's epic *Agni* (2078 BS) has been interpreted from the Dalit perpective. The study adopts the deductive research method to discuss the epic, which is based on the theories

of Dalit literature, using the qualitative research design. The study depends on the secondary sources retrieved from the library, using both print and e-resources. Although there are challenges to study on the Dalit issues as the theme of the epic which is created by an author who belongs to a caste other than the Dalit, the epic has reclaimed the subjugated history of Dalits that is portrayed from the neo-historist point of view. The epic has brought out the suppression of minority people like the Dalits, dealing with inner awareness such as emotions, resentments and protests. Such awareness of resistance is expressed through the characters like Thule Kami, Chhelangi Bishwokarma, and Junimaya. Despite the fact that the characters have the awareness of resistance, but in the case of Thule Kami who is a subaltern character cannot express his suppression though he tells his son to be aware of casteism at his death bed. However, Chhelangi and Junimaya have resisted the urge to alter the casteism related discriminations. Whereas Chhelangi's resistance is driven by intellect and logic, Junimaya's resistance is driven by practicality. Thus, the balanced portrayal of characters has popularized the epic and has become a historical document for the Dalit writing in Nepal.]

**शब्दकुन्जी** : दलित साहित्य, उत्पीडन, प्रतिरोध, वर्णव्यवस्था

[**ABSTRACT**: Dalit literature, subjugation, resistance, caste system]

## पृष्ठभूमि

साहित्यको सबैभन्दा सौन्दर्यपूर्ण विधा मानिने कविताको सबैभन्दा ठुलो रूप महाकाव्य हो । यो सामन्तवादी युगमा जति धेरै फस्टाउन सक्यो त्यति पछि नसकेको मानिन्छ । त्यतिखेर यसमा मूलतः महान् (देवाता वा राजा) हरूको महत् चरित्रको निरूपण नै बढी गरिन्थ्यो तर पछि पुँजीवादी युगमा यसको सान्दर्भिकता उपन्यासले लिन थालेपछि वा महाकाव्यलाई उपन्यासले विस्थापित गर्न थालेपछि यसले पनि देवता, राजाजस्ता चरित्र नायकको केन्द्रीयतालाई छाडेर उपन्यासले जस्तै मध्यम र निम्न वर्गतिर आफूलाई केन्द्रित गर्दै आएको पाइन्छ । नेपाली महाकाव्य परम्पराका *सुलोचना (२००३), चिसो चुल्हो* (२०१५), *मानव* (२०२३) र *अग्नि* (२०७८) महाकाव्य यही क्रममा देखिएका छन् । यीमध्ये पहिलो मध्यम वर्गमा केन्द्रित छ भने अरू निम्न वर्गमा केन्द्रित छन् । निम्न वर्गका पनि अछुत ठानिने जात वा दलितसँग ती सम्बन्धित छन् ।

२०७८ सालको मदन पुरस्कारद्वारा पुरस्कृत *अग्नि* महाकाव्य डा. नवराज लम्साल (सन् १९६९ जुलाई २३) को आठौँ पुस्तकाकारको कविता कृति हो । यसमा परम्परित नेपाली महाकाव्यको बोझिलो कथन र संरचनात्मक ढाँचालाई धेरैहदसम्म परिवर्तन गरिएको छ । यसको विषय ऐतिहासिक भएर पनि एकदमै नवीन र सामयिक छ । परम्परित नेपाली महाकाव्यीय कथनमा क्लिष्टता वा दुर्बोध्यताको जुन बोझ पाठकहरूले झेल्थे त्यसबाट यो धेरै नै मुक्त छ । सहज, सरल र सम्प्रेष्य भाषामा पनि सरसतापूर्वक समाजका दलित समुदायको गम्भीर मुद्दा महाकाव्यको विषय र कथ्य बन्न सक्ने कुरा यसले स्थापित गरेको छ । यसको विषयको केन्द्रमा नामुद कालिगढ ठुले कामी र उनकै वंशको छेलाडी अनि छेलाडीसँग प्रेम गरेर उनैसँग भाग्न बाध्य भएकी जुनीमया ठकुरीको व्यथामय कथा छ । समाज र राज्यसत्ताले उनीहरूप्रति चरम अमानवीयता प्रदर्शन गर्दै इतिहासशून्य बनाइदिने जुन परिपाटी छ त्यसप्रति गम्भीर विमति, आक्रोश व्यक्त गर्दै उनीहरूको इतिहासको पुनर्लेखनको आग्रह यसमा रहेको छ । त्यसैले प्रस्तुत कृति सीमान्तीयता (सबाल्टर्न) का दृष्टिले महत्त्वपूर्ण अध्ययन सामग्री बनेको हुँदा सीमान्तीयताको वर्ग, जाति र प्रतिरोध चेतनाका कोणबाट लघु अनुसन्धान गरिसकेकाले अहिले जातीय सीमान्तीयतासँग सम्बद्ध दलित विमर्शमा केन्द्रित भएर यसको अझ सघन विश्लेषणका साथ यो शोधमूलक लेख तयार पारिएको छ ।

प्रस्तुत शोधमूलक लेखको शोध समस्या भनेको *अग्नि* महाकाव्यको दलित उत्पीडन र प्रतिरोधको विमर्श हो । दलित समुदाय भनेका सीमान्तकृत समुदायभित्रकै अछुत ठानिने मानवहरू हुन् । *अग्नि* महाकाव्य ठुले कामी, छेलाडी विश्वकर्मा र उनकी श्रीमती जुनीमायाको उत्पीडन कथनमा केन्द्रित रहेको हुँदा यो दलित लेखनमा आधारित महाकाव्य हो र दलित विमर्श यसको समालोचना योग्य सन्दर्भ हो ।

त्यसैले दलित विमर्शलाई नै मूल समस्या बनाइएको छ । त्यस समस्यालाई व्यवस्थित र विस्तारपूर्वक अध्ययन गर्न निम्न शोध प्रश्न बनाइएका छन्-

क. *अग्नि* महाकाव्यमा दलित समुदायमाथि के कसरी उत्पीडन गरिएको छ ?

ख. *अग्नि* महाकाव्यमा दलित समुदायले व्यहोरेका उत्पीडनप्रति प्रतिरोध किन र कसरी गरिएको छ ?

माथि चर्चा गरिएका समस्याहरूको क्रमशः तथ्य सङ्गत समाधान पैल्याउनु नै यस शोधमूलक लेखको उद्देश्य हो । यस क्रमका यहाँ क्रमशः निम्न काम गरिएको छ ।

क. *अग्नि* महाकाव्यमा दलितमाथि भएको उत्पीडनको प्रकृति केलाउने र

ख. *अग्नि* महाकाव्यमा दलितले व्यहोरेका उत्पीडनप्रति प्रतिरोधको कारण र स्वरूप अन्वेषण गर्ने ।

*अग्नि* महाकाव्य २०७८ साल भदौमा प्रकाशित भएको हुँदा हालसम्म पनि यसका बारेमा त्यति विस्तृत अध्ययन भएको पाइँदैन । जेजति चर्चा रहेका छन् ती दैनिक पत्रपत्रिकामा प्रकाशित भएका सामान्य सूचनामूलक र केहीमा सामान्य प्रकृतिका पुस्तक समीक्षाहरू रहेका छन् (खनाल, २०८०, पृ. ४-८) । अलि विस्तृत अध्ययन प्रथम पटक लघुअनुसन्धानका रूपमा सुलोचना खनालले गरेको पाइन्छ (खनाल, २०८०, पृ. १-६३) । उनको अध्ययन सीमान्तीयताका वर्ग, जात र प्रतिरोध चेतनामा केन्द्रित छ । यस अध्ययनकै पृष्ठभूमिमा प्रस्तुत लेख तयार पारिएको हुँदा यस लेखलाई सघाउने यो राम्रो पूर्वकार्य बनेको छ ।

यस शोधमूलक लेखको सामग्रीको स्रोत पुस्तकालय हो । *अग्नि* महाकाव्य यसको प्राथमिक स्रोत हो भने त्यससँग सम्बन्धित पूर्वकार्य र दलित साहित्य लेखनका सैद्धान्तिक सन्दर्भहरू द्वितीय स्रोतहरू हुन् । तीबाट लिइएका आवश्यक सामग्रीहरूको अध्ययन विश्लेषण यस लेखमा दलित लेखनको सिद्धान्तका आधारमा गरिएको हुँदा यो निगमनात्मक शोधविधिमा आधारित छ । यसको विश्लेषण ढाँचा गुणात्मक शोधविधिअनुरूपको छ ।

**दलित साहित्य लेखनको सैद्धान्तिक सन्दर्भ**

**द**लित शब्दको सामान्य अर्थ दलन वा उत्पीडनमा परेका जाति वा समुदाय भन्ने हुन्छ । साहित्यमा त्यस्ता पात्र र तीसँग सम्बन्धित घटना प्रसङ्ग वा कथावस्तु धेरै पहिलादेखि प्रयोग गरिँदै आइएको छ तापनि तिनको खोजअन्वेषण गर्ने काम भने धेरै पछि हुन थालेको पाइन्छ । विशेषतः सीमान्तीयता वा सबाल्टन अध्ययन / विमर्शको क्रम चल्न थालेपछि यसको व्यवस्थित अध्ययन हुन थालेको हो । सबाल्टर्न भनेकै शोषित र उत्पीडित वर्ग हो तापनि मार्क्सको शोषित र उत्पीडित वर्गभन्दा यो केही भिन्न हो । मार्क्स मूलतः आर्थिक दृष्टिले पछि परेका वा पारिएकालाई त्यस कोटीको ठान्थे भने सबाल्टर्नमा अर्थबाहेक जात, लिङ्ग, धर्म, वर्ण, पेसा, यौनसम्बन्ध जस्ता अनेक आधारबाट पनि पछि परेका वा पारिएका समुदायलाई यसमा समेट्दछन् । वास्तवमा सबाल्टर्न अध्ययन मार्क्सकै जगबाट नवमार्क्सवादीहरूले विकास गर्दै लगेको धारणा हो (विस्तृत जानकारीका लागि खनाल, २०८०, पृ. ११-१८) । पछि यसमा उत्तर मार्क्सवाद, उत्तर आधुनिकतावाद, उत्तर उपनिवेशवाद, सांस्कृतिक अध्ययन आदिको पनि प्रभाव विस्तार हुँदै गयो । सीमान्तीयताकै पर्यायका रूपमा दलित शब्दको प्रयोग पनि गरिएको छ ( शर्मा, २०७०, पृ. ३१५) तर दलित लेखन भन्दा सीमान्तीयता अलि व्यापक हो । सीमान्तीयताकै पृष्ठभूमिमा दलित साहित्यको निर्माण र त्यसको विमर्श पद्धति विकास भएको मान्न सकिन्छ ।

दलित विमर्श मूलतः सबाल्टर्न अध्ययनको जातीयतासँग सम्बन्धित छ । दलित जाति भनेका समाजका अछुत ठानिने जातहरू हुन् । नेपालको कुल जनसङ्ख्याको लगभग १४ प्रतिशत वा ४० लाखभन्दा बढी जनता यस्ता रहेको बुझिन्छ । तिनलाई पहाडे र मधेसी दलितका रूपमा राष्ट्रिय दलित आयोगले विभाजित गरी अनुसूचीमा प्रस्तुत गरेको पाइन्छ (राष्ट्रिय दलित आयोग, सन् २०२२) । तिनैसँग सम्बन्धित भएर वा तिनैलाई केन्द्रमा राखेर लेखिएका साहित्य नै हाम्रो सन्दर्भमा दलित साहित्य हुन् ।

दलित नाम सर्वप्रथम भारतका प्रसिद्ध दलित नेता भीमरावल अम्बेडकरले दिएको मानिन्छ ( आहुति, २०७५, पृ. ६०) । दलित कुनै जात (nation) नभई अछुत ठानिने जातहरूको समुच्चय वा अछुतहरूको साझा नाम हो । हुन त कतिपयले आफैले आफैलाई किन दलित भन्ने भनेर दलितको अर्थ हेय ठान्दछन् र दलितको सट्टा शिल्पी वा शिल्पकार प्रयोग गर्छन् तर आहुतिले दलित संज्ञालाई नराम्रो ठान्दैनन् । "दलित भन्नु आफू तल भएको स्वीकार्नु होइन, बरु आफूलाई अत्याचार गरिएको छ भन्नु हो"

(आहुति, २०७५, पृ. ६१) भन्ने उनको तर्क छ । हाम्रो सन्दर्भमा हेर्दा यो हिन्दू धर्मको वर्णव्यवस्थामै आधारित भएर आएको देखिन्छ । विशेषतः *मनुस्मृति*ले निर्धारण गरेको जातीय विभेदलाई जङ्गबहादुरले *मुलुकी ऐन* (१९१०) मा कानुनी रूपमै व्यवस्थित गरेपछि त्यसको प्रभाव पछिसम्म परेको मानिन्छ । राजा महेन्द्रको *नयाँ मुलुकी ऐन* (२०२०) ले त्यसलाई कानुनी रूपमै सच्याए पनि व्यवहारमा अझै सच्चिन नसकेको अवस्था छ ।

**दलित साहित्यका आधारभूत मान्यता**

दलित भनेका जातीय आधारमा सामाजिक सांस्कृतिक र आर्थिक उत्पीडनमा परेका अछुत ठानिने जाति हुन् । दलित साहित्यमा तिनकै पीडाव्यथायुक्त भोगाइ र त्यसबाट मुक्त हुने प्रयत्नको बयान गरिएको हुन्छ । त्यसैले यो कोरा कल्पनाको विषय नभई प्रत्यक्ष देखेभोगेर लेखिने विषय भएको हुँदा यसका असली सर्जक दलित स्वयं हुन्छन् (बाल्मीकि, सन् २०१९, पृ. १५) किनभने अचानाको चोट अचानो बनेकोलाई मात्रै थाहा हुन्छ वा जल्नुको पीडा कोइला बनेकालाई मात्रै थाहा हुन्छ । यसो भए पनि घोडाका बारेमा लेख्न घोडै बन्नुपर्छ भन्ने छैन भन्ने अर्को तर्क पनि पाइन्छ तर घोडा नबनेकोले घोडाको बाह्य रूप र आन्तरिक केही परिस्थिति अनुमान गरेर लेखे पनि मालिकको भार बोकेर ज्यान फाली उसकै इसारामा दौडदा पनि उसले हिर्काएको कोर्राको जलनपूर्ण पीडाको अनुभूति त ऊबाहेक अरू कसको नै हुन सक्छ र भन्ने थप तर्क पनि छ (बाल्मीकि, सन् २०१९, पृ. x) । यस्तो हुँदाहुँदै पनि दलित स्वयं यस कार्यमा सक्षम नहुँदासम्म गैरदलितले लेखेको दलित विषयक साहित्य पनि दलित साहित्य नै मानिन्छ तापनि यो त्रुटिरहित नै हुन्छ भन्न सकिन्न (उप्रेती, २०६८, पृ. २८२-२८३) । अड्को पड्को तेलको धुप भने जस्तो मात्र हो ।

कला जीवनका लागि ठान्ने दलित साहित्यले दलितप्रति गरिएको उत्पीडन कथन गरी तिनको जीवनमा सुधार र अन्ततः दलनबाट मुक्तिको अपेक्षा गर्दछ । दलित मुक्तिको अर्थ समाजमा जातीय विभेदको अन्त्यको अपेक्षा हो । यो आशावादी साहित्य हो ।

दलित वा अछुतको अवधारणा हिन्दू वर्णव्यवस्था (विशेषतः मनुस्मृति) मा आधारित भएर आएको र त्यसलाई *नयाँ मुलुकी ऐन* (१९१०) ले नेपाली समाजमा कानुनी रूप दिएको हुँदा यसले तिनको विरोध गर्छ । यसले वर्ण, जात र वंशका आधारमा उच्च र निम्न वा छुत र अछुत मान्ने सोचलाई नकार्दछ । त्यस्तै परम्परित रहस्य, भक्ति, निर्गुणजस्ता वादको पनि यसले विरोध गर्छ । यसको अर्थ सबै प्राचीन संस्कृति, कला र साहित्यलाई नकार्छ भन्ने पनि होइन । मानव मानवबिच विभेदको खाडल सिर्जना गर्ने कुराहरूको मात्रै यसले विरोध गर्ने हो ।

हजारौँ वर्षको प्रताडना, शोषण, द्वेष, वैमनुष्य र भेदभावद्वारा दबिएका दलितले दलित साहित्यमा आफ्नो अस्मिताको खोजमा आफूलाई जागरुक देखाउँछन् । उनीहरूको डढेको हृदय, उत्पीडनले बल्केको छाती र रगतका आँसुले भरिएका आँखाहरूले आफूलाई त्यस्तो अवस्थामा पुऱ्याउनेहरूप्रति सङ्घर्ष, आक्रोश र विद्रोहको भाव व्यक्त गर्छन् तापनि दलित साहित्यको उद्देश्य भनेको स्वतन्त्रता, समता र बन्धुत्वको स्थापना नै हो (बाल्मीकि, सन् २०१९, पृ. २२) । प्रतिशोध साध्नु होइन ।

दलित साहित्यको प्रेरक मार्क्सवाद, हिन्दूवाद र नीग्रो साहित्य नभई अम्बेडकरवाद मान्नेहरू पनि छन् । यसले सामन्तवाद, अधिनायकवाद, पुँजीवाद, ब्राह्मणवाद अनि परम्परित सौन्दर्यशास्त्रका भाषावाद, लिङ्गवाद, वर्णव्यवस्था, जातिभेद र साम्प्रदायिकताको विरोध अनि वर्णविहीन र वर्गविहीन समाजको पक्षधरता देखाउँछ (बाल्मीकि, सन् २०१९, पृ. ३१) । यो समाजमा सकारात्मक परिवर्तनको पक्षधरता देखाउने लेखन हो ।

दलित साहित्यले परम्परित सौन्दर्यमूल्यप्रति प्रतिद्वन्द्विता जनाउँछ । जस्तै- वंश वा जन्मका आधारमा ठानिने श्रेष्ठता, गोरो अनि श्रमबाट विरत कोमल शरीर, ब्राह्मण वा तागाधारी अनुहारलाई श्रेष्ठ ठान्ने सोचजस्ता कुरालाई नकार्ने, कर्मका आधारमा व्यक्तिको श्रेष्ठता मान्ने, श्रमरत जुनसुकै रङ्ग र आकृतिको कसिलो, गठिलो शारीरिक आकृतिलाई राम्रो ठान्ने, श्रमका कारण हातमा उठेका फोरा र पसिनाको गन्धमा नै सौन्दर्य देख्ने गर्दछ । त्यसैले यो फरक स्वादको साहित्य हो । यो परम्परित उच्च जातिको लेखनभन्दा उल्टो धारमा बग्ने साहित्य हुँदा यस्तो लेखन जोखिमपूर्ण पनि मानिन्छ ।

यसले परम्परित सौन्दर्यशास्त्रका प्रतिमानलाई अपूर्ण र एकाङ्गी देख्छ । यो कलात्मक, रसात्मक आनन्दका लागि भन्दा पनि वर्णव्यवस्था वा जातीयताका आधारमा गरिने सामाजिक सांस्कृतिक उत्पीडनबाट मुक्तिका लागि लेखिने समाजप्रति प्रतिबद्ध साहित्य हो । यसले धर्मसंस्कृतिका नाममा हुने अन्धविश्वास र अमानवीयतालाई नकार्ने र नित्य परिवर्तनीयताका आधारमा जीवनमूल्यहरूलाई मूल्याङ्कन गर्ने गर्छ (बाल्मीकि, सन् २०१९, पृ. ५०) । दलितको नारकीय बनाइएको जीवनलाई परम्परित रसयुक्त पदावलीमा व्यक्त गर्न नसक्ने देखेर यसले फरक अभिव्यक्तिको ढाँचा र भाषाको पनि खोज गरेको हुन्छ ।

यो काल्पनिकतामा भन्दा उत्पीडित दलितको प्रत्यक्ष भोगाइमा केन्द्रित हुँदा बढी प्रामाणिक र यथार्थकेन्द्री साहित्य मानिन्छ ।

दलित अस्मिताको खोजीमा केन्द्रित यसको मूल स्वर भनेकै वर्णव्यवस्थाबाट उत्पन्न जातीय विभेदको त्रासदीबाट मुक्ति हो । त्यसैले वर्ण व्यवस्थाका नाममा जातीय भेदभावको विरोध गर्ने कुनै पनि वैचारिकी (जस्तै-बुद्ध दर्शन, मार्क्सवाद, गान्धीवाद, अम्वेडकरवाद) का अनुकूल वैचारिक सन्दर्भहरू यसले अँगाल्दछ ।

दलित साहित्यले दलित समस्यालाई सामाजिक एवम् धार्मिक/सांस्कृतिक मात्रै नमानी आर्थिक पनि ठान्छ । आफ्नो समाजको अज्ञानता, दरिद्रता र हीनता विरुद्ध लड्न यसले दलितको आर्थिक सबलीकरणको पनि अपेक्षा गर्छ तर यसबाट मात्रै यो समस्या समाधान हुने भने ठान्दैन ।

दलित साहित्यले अनुसरण गर्ने शिल्प सरल, सहज र जनबोलीअनुकूलको हुनुपर्ने ठान्दछ । दलन वा उत्पीडनको प्रतिरोधमा निर्मित यस्तो साहित्यको भाषामा नकार र विरोधको लबज बढी आउँछ । यो कम कृत्रिम भाषामा लेखिन्छ । ध्वनि, वक्रोक्ति, अलङ्कार, रीति आदिको कमभन्दा कम भार यस्तो भाषाले बोकेको हुन्छ । तिखो वेदना र विद्रोहका साथै यस्तो भाषामा वैचारिक प्रतिबद्धता पनि रहेको हुन्छ । भाषाको आक्रामकता र आक्रोशको अतिरेकलाई नै दलित कविताको शक्ति पनि ठानिन्छ (बाल्मीकि, सन् २०१९, पृ. १०४) । यसमा अविश्वसनीय काल्पनिक चित्र उभ्याउने प्रतीक, बिम्ब र मिथकहरूलाई त्यति स्थान दिइन्न ।

दलित साहित्य दलितको जीवन र परिवेशमै रहेर सिर्जना गरिने हुँदा यसको भाषा, बिम्ब, प्रतीकहरूमा पनि त्यसको हरक रहन्छ तर त्यसलाई लिएर कतिपय परम्परावादी सर्जक समीक्षकले दलित साहित्यको शिल्पको गुणवत्तामा प्रश्न उठाउने पनि गर्छन् ।

दलित साहित्य लेखन एउटा साहित्यिक आन्दोलन मात्रै नभई सांस्कृतिक र सामाजिक आन्दोलन पनि हो (बाल्मीकि, सन् २०१९, पृ. ९७) । यो शोषणविहीन मानवतावादी समाजको स्थापनामा केन्द्रित रहने भए पनि अर्थनियन्त्रित वर्गको मात्रै कुरा नगरी धर्मसंस्कृतिका नाममा घुलमिल भएर बसेको वर्णव्यवस्था र त्यसैबाट विकसित जातीय विभेदको गहिरो मानवता विरोधी खाडललाई पुर्ने प्रयत्नमा लागेको हुन्छ । त्यसैले यो वर्णव्यवस्थाको सामाजिक, सांस्कृतिक एवम् राजनीतिक वर्चस्वका विरुद्ध प्रतिरोधी बनेर रहेको हुन्छ । यसमा शताब्दियौँदेखिको यातनाका विरुद्ध आक्रोश र विद्रोह विस्फोट हुन्छ ।

कुनै पनि सौन्दर्यशास्त्र लामो ऐतिहासिक परम्परामा विकसित हुँदै आउने भएको हुँदा दलित सौन्दर्यशास्त्र पनि दलित समाजको चेतना, संस्कृति र विचारधाराको विकाससँगै विकसित हुँदै जाने लामो प्रक्रिया हो (पाण्डेय, सन् १९९८, पृ. x) । हाम्रो सन्दर्भमा पनि यो अहिले प्रारम्भिक अवस्थामै रहेको छ ।

## दलित लेखनका कोणबाट *अग्नि* महाकाव्यको विमर्श

### *अग्नि महाकाव्यको विषयवस्तु*

*अग्नि* महाकाव्यमा इतिहास र वर्तमानको विषयवस्तु पाइन्छ । त्यसलाई नवइतिहासवादी कोणबाट बुनिएको छ । नवइतिहासवादी धारणाको थालनी ग्रिन ब्लाटले गरेका र त्यसैलाई प्रवासी भारतीयहरूले व्यवहारमै विस्तार गरेको मानिन्छ (गिरी, २०७०, पृ. ३५-३६) । यस महाकाव्यको उद्देश्य इतिहास लेखन नभए पनि राष्ट्र निर्माणमा पिँधमा बसेर भूमिका खेल्नेको इतिहास मेट्ने जुन काम हुँदै आएको छ त्यसलाई सच्याउनुपर्छ भन्ने अभिप्राय यसको विषयवस्तुमा रहेको छ । यसमा मकवानपुरका सेन वंशी राजा हेमकर्णको १६० धार्ने फलाम आरनमा गालेर त्यसको इस्पातद्वारा साना साना दुईवटा जेठी तरबार बनाउने ठुले कामी, उनकै वंश परम्पराको छेलाडी विश्वकर्मा, छेलाडीकी श्रीमती जुनीमायाहरूको

कथा खुल्दै खुल्दै आएका छन् । महाकाव्यमा यस विषयलाई छ खण्ड र ती खण्डलाई पनि विभिन्न भागमा विभाजित गरी प्रस्तुत गरिएको छ ।

महाकाव्यको विषयवस्तु मूलतः दलितको पक्षधरताबाट बुनिएको छ । यस क्रममा दलितप्रति गैरदलितको के कस्तो दुर्व्यवहार हुँदै आएको छ भन्ने कुरा यसमा देखाइएको छ । त्यो देखाउने काम मुख्यतः अछुत ठानिने ठुले कामी, छेलाडी विश्वकर्मा र जुनीमायाप्रति राजा हेमकर्ण, उनका भारदार, जुनीमायाका माइती र त्यहाँको समाजद्वारा गरिएको व्यवहारमार्फत भएको छ ।

### *अग्नि महाकाव्यको जातीय समाज*

ऐतिहासिक विषयमा आधारित *अग्नि* महाकाव्य मकवानपुरका राजा मणिक सेनका छोरा हेमकर्णको शासन काल (वि.सं. १७९०-१८१६) बाट सुरु भई वर्तमान समयसम्म तन्केको छ । राजा हेमकर्णको शासकीय दुर्बलताले गर्दा राज्य टुक्रिने क्रम सुरु भइसकेको थियो । त्यसैले धार्मिक स्वभावका राजाले तान्त्रिक, पुरोहित र लौहकर्मी जुटाएर खड्ग सिद्धि गर्न चाहेको छन् (पृ. ८१-८२) । यही क्रममा दरबार र त्यससँग सम्बन्धित समाजको मात्रै जातीय अवस्था यसमा आएको छ । त्यसअनुसार हेर्दा यहाँ एकातिर सेनवंशी राजा हेमकर्ण, उनका भाइ, छोरा वा राजपरिवार, मन्त्री, भारदारहरू, स्कुले हेड सर, जुनीमायाका माइती, आफन्ती, कवि र पृथ्वीनारायण शाह आदि प्रभुत्वशाली वर्गका मानिस छन् जो आफूलाई छुत जातका ठान्दछन् भने अर्कातिर लौहकर्मी ठुले कामी, उनका छोरा, श्रीमती, उनलाई जेठी तरबार बनाउन सघाउने छ जना सहयोगी, छिमेकी, आफन्ती, उनकै दरपुस्ताका छेलाडी विश्वकर्मा, छेलाडीकी श्रीमती जुनीमाया र उनका छोराछोरी आदि छन् जसलाई अछुत/दलित जातिका भनिन्छ । यीमध्ये छुत जातिमा राजा हेमकर्ण सेन र अछुतमा ठुले कामी, छेलाडी विश्वकर्मा र जुनीमाया ठकुरी यस सन्दर्भमा बढी महत्त्वका छन् ।

### *अग्नि महाकाव्यमा दलित/अछुत जातिप्रति अरू जातिको उत्पीडन*

नेपाली समाज हिन्दू धर्मको वर्णव्यवस्थामा आधारित छ । अहिलेसम्म पनि त्यसको प्रभाव प्रशस्तै रहेको छ । राजा हेमकर्ण धर्मभिरु थिए (सुवेदी, ?, पृ. ४७) । त्यसैले आफू र राज्य बलियो बनाउन उनले तान्त्रिक र पुरोहितको सहयोगले तरबार वा खड्ग सिद्धि गर्ने योजना बनाए । राजा नै धर्मभिरु भएपछि त्यसको प्रभाव दरबार र समाज जताततै पर्ने नै भयो ।

राजालाई तरबार सिद्ध गर्न जेठी तरबार बनाउनुपर्‍यो र त्यस्तो मानिसको खोजी राज्यमा भयो । धेरैतिर खोज्दा बल्लतल्ल ७५ बर्से ठुले कामी भेटिए । राजाज्ञा टार्न सजिलो थिएन । ठुलेले खासै चाहेको नभए पनि देशको पनि हित हुने हुँदा दिलो ज्यान लगाएर छ जना सहयोगी खोजी नौ महिनामा १६० धार्नी फलाम आरनमा गालेर त्यसबाट निस्केको इस्पातबाट साना साना जेठी तरबार दरबारको विशेष समारोहमा राजालाई बुझाए । राजा जेठी तरबार देखेर तिलमिलाए । त्यत्रो फलामको यति साना दुईवटा तरबार बुझाएर सबै फलाम ठुलेले खायो भन्ने उनलाई लाग्यो अनि तथानाम बकेर ठुलेको हुर्मत खाए । अरू सबै तमासे बने । ठुलेले स्पष्टीकरण दिन खोज्दा पनि भारदारले रोके । अछुत जातिको भनेपछि ठुले सबैको नजरमा घृणा र तिरस्कारकै विषय बने । उनको श्रम र सिपका बारेमा बुझिदिने र बोलिदिने कोही भएन । सत्ता अविवेकी, अमानवीय र निरङ्कुश थियो र सोहीअनुसार व्यवहार गर्‍यो । सत्ताको त्यस्तो त्रास र उत्पीडनपूर्ण व्यवहारले अन्ततः ठुलेको ज्यानै लियो । त्यसले उनको परिवार, आफन्ती र समाजमा सन्त्रासै सन्त्रास छायो । ठुले मर्दा उनकी श्रीमती र छोरा सत्ताले थाहा पाउला भनी डाँको छोडेर रुन सकेनन् । न त छिमेकीले खुलेर उनको सतिगति गर्न सके ।

दलित समाजलाई यति धेरै भयभीत तुल्याउने काम राजाले भन्दा पनि उनका आफन्त (भाइ, छोरा र श्रीमती), भारदार र सैन्य शक्तिले गरेको यहाँ देखाइएको छ । राजालाई छल्ने, ढाट्ने, ठग्ने काम उनीहरूबाटै भएको, भारदारहरू बनियाँ, व्यापारी, ठग, दलाल, बिचौलियाजस्ता हृदयहीन बनेका, राजालाई राजाजस्तो हुन नदिएका, राजाज्ञाको अवज्ञा हुने गरेको, राज्य संयन्त्र नै शत्रु राज्यको धूर्त सुराकीजस्ता देखिएका कुरा राजा स्वयंले ठुलेको हुर्मत काढ्ने क्रममा भनेका छन् (पृ. १०२-१०३) । यसबाट राजाको आफ्नो शासकीय कमजोरी र दरबारियाहरूको कुनियत त खुल्छ नै साथै के पनि स्पष्ट हुन्छ भने ठुलेजस्ता

दलित वा अछुत वर्ग उनीहरूका लागि अरूतिरको आक्रोश पोख्ने माध्यम पनि भइरहेका हुन्छन् । यस्तो दोहोरो तेहोरो मारमा अछुत वर्ग परेको छ ।

दरबारमा देखिने जातीय विभेदभन्दा अझ चर्को विभेद वर्तमानका छेलाडी र जुनीमायाको समाजमा छ । त्यो कुरा ठकुरीकी छोरी जुनीमायाले अछुत ठानिने छेलाडी विश्वकर्मासँग प्रेम गरेपछि देखिन थालेको छ । जुनीमायाका घरपरिवारलाई जातीयताका कारण त्यो स्वीकार्य नभएपछि जुनीमायाले भागेर छेलाडीसँग विवाह गरेकी छन् । त्यसपछि समाजमा उनीहरूका नाममा तथानाम कुरा काट्न थालिन्छ । माइती, आफन्त र समाजबाट उनीहरू बहिष्कृत नै जस्ता भएपछि उनीहरू बाध्य भएर त्यो ठाउँ छाडेर बेसी झर्नुपरेको छ । त्यहाँ पनि जुनीमायालाई बुढी कमिनी, छुची कमिनीजस्ता नामले बोलाएर हियाउने अनि उनका छोराछोरीलाई स्कुलमा पनि विभेद गर्ने गरिन्छ । यस्तोमा उनीहरूलाई साथ दिन कोही अगाडि सरेको देखिँदैन । समाजको त्यस्तो घोर मानवता विरोधी चरित्र देखेभोगेकी जुनीमायाले त्यही भएर "मलाई त जनावरभन्दा मान्छेदेखि डर लाग्छ" (पृ. २५८) भनेकी छन् । हुन पनि उनीहरूप्रतिको अरूको व्यवहार अत्यन्त असहिष्णु, तुच्छ, हिंस्रक र उत्पीडक देखिएको छ । यस्तो हुनुको थप कारण जुनीमाया नारी हुनुले पनि हो किनभने पुरुष प्रधान नेपाली समाज नारी पीडक छ । त्यही भएर राजा हेमकर्णले पनि राजसभामा रानीलाई अरूको आक्रोश पोख्दै "थुक्क त राजमहिषी" (पृ. १०३) भनी दुत्कारेका थिए । यहाँ पनि यदि कुनै ठकुरीले कमिनी ल्याएको भए ऊ जुनीमायाझैँ समाजबाट त्यति धेरै उत्पीडित हुनुपर्ने थिएन । त्यस्तै अर्को थप कारण छेलाडीको विपन्नता हो किनभने नेपाली समाज धन र धाकमा टिकेको छ । त्यही भएर सम्पन्नले विपन्नलाई हेप्ने र उत्पीडित तुल्याउने गर्छन् । छेलाडी यदि सम्पन्न हुन्थे भने उनीहरूलाई आफन्त र समाजले त्यसरी घृणित ठान्ने र बहिष्कार गर्ने थिएनन् ।

महाकाव्यका महत्त्वपूर्ण पात्र र विषय सन्दर्भहरू अछुत ठानिने ठुले कामी र छेलाडी विश्वकर्मासँग सम्बन्धित भएर आएका छन् । अछुत जातको भनेर ठुलेले त्यस्तो छिः छिः र दुर्दुर्को व्यवहार त सहनुपरेको छैन । यो १९१० को *मुलिकी ऐन*को समयभन्दा अघिको कुरा हुँदा राजा स्वयं उनको आरनमा पुगेर तमाखु खाएर बसेको प्रसङ्ग महाकाव्यमा आएको छ । तर पनि जेठी तरबार ठुलेले दरबारमा बुझाएपछि राजाले वास्तविकता नबुझी उनलाई एकोहोरो झपारेका र भारदारले पनि उनलाई राजाको आक्षेपको स्पष्टीकरण दिन खोज्दा रोक्नुको कारण उनीप्रतिको चरम हेपाइ नै हो । ठुले यो नाम स्वयं पनि तुच्छताकै सङ्केत हो ।

त्यस्तै जुनीमाया ठकुरीले छेलाडी विश्वकर्मासँग गरेको प्रेम विवाहकै कारण उनीहरू आफ्नो मूल थलो छाडेर हिँड्न वाध्य भएका छन् । उनीहरू परिवार र समाजको बहिष्करणमा परेका छन् । यसबाट के बुझिन्छ भने महाकाव्यमा दलित / अछुतको समस्या इतिहास (ठुलेको समय) मा भन्दा वर्तमान ( छेलाडीको समय) मा अझ बढी रहेको छ । *मुलुकी ऐन*को जातीय विभेदलाई *नयाँ मुलुकी ऐन*ले हटाए पनि समाजमा यो जातीय विभेदको समस्या झन् पेचिलो र बहुआयामिक बनेर झ्याङ्गिएको पाइन्छ (हेर्नुहोस्- लम्साल, २०७२ वा राष्ट्रिय मानव अधिकार प्रतिवेद, २०७६-०७७, पृ. ७५-८२) । समाजमा अछुतका सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, राजनैतिक, शैक्षिक जस्ता अनेक समस्या नसुल्झाएसम्म यो समस्या त्यति सजिलै किनारा लाग्ने देखिएको छैन ।

समग्रमा हेर्दा नेपाली समाज हिन्दू धर्मको परम्परित वर्णव्यवस्थाबाट बढी नै प्रभावित रहेको देखिन्छ । यहाँ उच्च (ब्राह्मण), मध्यम (क्षत्री) र निम्न (वैश्य) जातको विभाजन त छँदैछ । त्यसबाहेकका छुत (ब्राह्मण, क्षत्री र वैश्य) र अछुत (शुद्र) जातको विभाजन पनि छ । पछिल्लो समयमा जातीय श्रेणी विभाजन (उच्च, मध्यम र निम्न) को रेखा पातलिँदै गए पनि छुत अछुतको विभाजनको रेखा त्यति पातलिन सकेको देखिँदैन । ग्रामीण समाजमा यो स्थिति झनै गाढा रूपमा रहेको देखिन्छ । नयाँ पुस्ताले छुत अछुत जातिमा प्रेम विवाह गरी त्यो विभाजन तोड्न खोजे पनि उनीहरूले व्यहोरेको समकालीन दुर्दशा देख्दा सुन्दा महाकाव्यले अपेक्षा गरेको जातीय विभेदको अन्त्य त्यति सहज रहेको छैन किनभने जुनीमाया र छेलाडीले व्यहोरेको पीडाभन्दा धेरै नै चर्को उत्पीडन समाजमा कायमै छ ।

***अग्नि* महाकाव्यमा दलितको आवाज र प्रतिरोधको अवस्था**

अग्नि महाकाव्यका दलित समुदायका प्रमुख पात्रहरू ठुले कामी, छेलाङी विश्वकर्मा र जुनीमाया हुन् । तिनीहरूको आवाज र प्रतिरोध नै प्रस्तुत सन्दर्भमा दलितको आवाज र प्रतिरोध हो । तिनको क्रमशः तल चर्चा गरिएको छ ।

**ठुले कामी :** राजा हेमकर्णको शासन कालका ऐतिहासिक पात्र उनी आफ्नो परम्परित लौहकर्मको पेसामा दक्ष र इमान्दार भए पनि टाठाबाठा चरित्र भने होइनन् । आफूमाथि राजाले निकृष्ट व्यवहार देखाए पनि उनी त्यसका विरुद्ध बोल्न सकेका छैनन् । फलतः उनी दरबारबाट आफ्नो कठोर श्रम, उत्कृष्ट सिप र इमान्दारिताको चरम उपेक्षा सहेर फर्किनुपरेको छ । उनका सहयोगीमा पनि त्यस्तै पीडाबोध छ । यसो भए पनि ठुलेमा प्रतिरोध चेतना नै थिएन भन्ने होइन । मर्ने बेलामा उनले छोरालाई भनेको कुराबाट त्यो थाहा हुन्छ । जस्तै-

कुनै हालतमा दरबार नजानू / भोकै मर्नू तर दरबारसँग आश नगर्नू
दरबारले दिने भनेकै त्रास हो / गाँस गाँसमा त्रास निलेर
लामो जीवन बाँच्नुभन्दा / आरनको आगोमा सेकिनु आफै ! (पृ. २०३)

ठुलेका उक्त भनाइले आफूप्रति विवेकहीन भएर प्रस्तुत भएको दरबारप्रतिको उनको चरम घृणा र आक्रोशलाई देखाएको छ । त्यस्ता कृतघ्न शासकलाई बहिष्कार गर्नुपर्छ भन्ने उनको सोच नै प्रतिरोध चेतना हो । बाबुकै भनाइ मानेर दरबारले पछि बोलाउँदा छोरा गएका छैनन् । छरछिमेकीहरूले पनि दरबारबाट आएका सेनाले ठुलेका बारेमा सोधखोज गर्दा कुनै कुरा भन्न मानेका छैनन् (पृ. १९९) । मौन बसेरै पनि उनीहरूले एक किसिमको प्रतिरोध जनाएका छन् ।

**छेलाङी विश्वकर्मा :** वर्तमान समयको सचेत र शिक्षित पात्र विश्वकर्माका माध्यमबाट महाकाव्यमा दलितको आवाज टड्कारो रूपमा प्रस्तुत गरिएको छ । त्यो आवाज कविसँग संवादका क्रममा आएको छ । कतिपय ठाउँमा उनको आवाज नै महाकाव्यको आवाज बनेको पनि छ । उनको बोलीमा कविकै बोली मिसिएको जस्तो देखिन्छ (पृ. १२३-१२४) ।

छेलाङीको पहिलो आवाज भनेको हिन्दू समाजमा जे जसरी वर्णव्यवस्थाका नाममा छुत र अछुत जातको विकास गरियो त्यो न धार्मिक र न मानवीय दृष्टिले ठिक छ भन्ने हो । यसलाई स्पष्ट पार्दै उनले भनेका छन्- सनातन हिन्दू धर्मको सबैभन्दा पवित्र ग्रन्थ गीतमा भगवान् कृष्णले कर्मका आधारमा वर्णव्यवस्था निर्धारण गरेको कुरा बताएका छन् तर कृष्ण पुज्नेहरू कृष्णकै विचारको उल्टो हिँडेर जात कर्मका आधारमा नभई जन्मका आधारमा तय गरिएको छ (पृ. ४०) । यस्तै दुनियाँको सुखदुखलाई आफ्नै सुखदुख देख्ने मान्छे पण्डित हो (आत्मवत् सर्वभूतेषु यः पश्यति सः पण्डितः), उदार चरित्र भएका मानिसलाई त धरतीका सबै आफन्त हुन्छन् (उदार चरितानान्तु वसुधैव कुटुम्बकम्) जस्ता भनाइ हाम्रै धर्मदर्शनका हुन् (पृ. ४०) । तर एकै समाजका मानिसहरूमा किन त्यस्तो छुत अछुतको विभेद छ ?

अहिले जुन जातीय श्रेष्ठता र तुच्छताको कुरा गरिन्छ के त्यो हाम्रा धर्मग्रन्थ र पुराणहरूमा थियो ? पुराणका रचयिता व्यासको जन्म कसबाट भएको हो ? पराशर ऋषिले डुँगा तारिदिँदै गरेकी माझीकी पुत्री मत्स्यगन्धासँग डुँगामै सहवास गरेर जन्मेका होइनन् ? व्यासपुत्र शुकदेवकी आमाको पहिचान नखुले पनि शुकदेवको जातीय पहिचान कसरी खुल्यो ? दासीपुत्र विदुरको जात के हो ? के उनी अछुत थिए ? रत्नाकर डाँकु शुद्र जातका थिए तर तिनले रचना गरेको रामायण र उनी अपवित्र र अछुतमा गनिए ? पिताको पत्तो नभएका महिदासले ऐतरेय उपनिषद् लेखे । उनलाई बाबुको ठेगान नभएको भनेर कसैले अपमानित गऱ्यो ? विश्वामित्र जातले क्षत्री थिए तर उनी राजर्षि, ब्रह्मर्षि र सप्तर्षिमा किन परे ? घोडीबाट जन्मिएका अश्विनीकुमारको जात के हो ? किन उनी स्वर्गका वैद्यका रूपमा सम्मानित छन् ? राम, कृष्ण र बुद्ध कुन उच्च जातका थिए ? शिवको जातको ठेगान छ ? तर ती सबैका आराध्य किन भए ? शवरीको जात के थियो ? तिनले दिएको भगवान रामले किन खाए ? वेदले मान्छेको छुत र अछुत जात हुन्छ भनेर कहाँ भन्यो ? "कुन भगवान्ले कहिले भने / कसको घरमा आउँछु, कसको घरमा आउन्न ? / कहिले भने कसको पूजा खान्छु कसको खान्न ? / को हो त्यो सुन्ने ?" (पृ. १५) आदि आदि । यस्ता अनेक

प्रसङ्ग उल्लेख गरेर जातीय श्रेष्ठता र तुच्छता वा छुत र अछुतको जातीय सोच धार्मिक दृष्टिले नै गलत हो भन्ने कुरा छेलाङीले यहाँ निकै तार्किकता साथ प्रस्तुत गरेका छन् ।

धर्ममा मात्रै होइन शिक्षालयमा पनि छेलाङीहरूका बालबालिका उपेक्षित छन् । पहिलो कुरा त विपन्नताले गर्दा विद्यालय नै पठाउन सक्तैनन् । पठाउनेहरूका पनि अपमान र तिरस्कार पिएर फर्कन्छन् (पृ.७) । आफ्नै सन्तानले गरेको हामी किन अछुत हौँ भन्ने प्रश्नको उत्तर उनीहरू दिन सक्दैनन् । त्यसैले त छेलाङी मार्मिक प्रश्न गर्छन्-

धाराको ढुङ्गै प्वाल पारेको देख्छु पानीको धाराले / तर थाहा छैन
शताब्दीयौँदेखि अछुत नामको छिनो चलाइरहँदा समाजले/दलित जनको मुटु के भयो होला ? (पृ. ८)

वास्तवमा हाम्रो शिक्षा पद्धतिमै त्रुटि छ किनभने ज्ञानले विनय, सहिष्णुता र समन्वय सिकाउनु भन्दा उल्टो मैमत्ता र दम्भको विकास गराएको छ । छेलाङीजस्ता दलितहरू सधैं उनीहरूकै दलनमा परेर उठ्न सकेका छैनन् । त्यसको अभिव्यक्ति छेलाङीले ठाउँ ठाउँमा गरेका छन् (पृ. १२९ र १३१) । चेतनशील भन्नेहरूमै झन् ठुलो समस्या देखेपछि (पृ. १९१), आफ्नो धरातलीय यथार्थ पाठ्यक्रममा नपाएपछि (पृ.१२८) मानव मर्यादा नै गुमाएर जागिरे बनी फैफुट्टी झार्न उनले विश्वविद्यालयीय शिक्षा लिएनन् । "किन बेचिन्छन् विद्वान्हरू / र किन किन्नेहरू मात्र शासक हुन्छन्" (पृ. २४३) भन्ने उनले गम्भीर प्रश्न उठाएका छन् । शासकले विद्वान्लाई किन्न सक्ने र विद्वान् बिक्ने भएपछि त्यो देश कसरी उभो लाग्छ भन्ने आवाज यसमा ध्वनित छ ।

आफूहरूलाई राज्यले नै आरनको काम दिएको र पछि त्यसैका आधारमा जात कायम गरियो अनि त्यस जातलाई खसाउँदै खसाउँदै लगेर दलितमा पारियो भन्ने गुनासो पनि छेलाङीको छ (पृ. १५७-१५८) । उत्पादनको साधन, साधनको चरित्र र श्रमको मूल्य बुझ्नतिर कहिल्यै लागेनौँ; सेवा नै परम धर्म ठानेर एकोहोरो लागि रह्यौँ; पादरी, पुजारी, राजा, काजी, लोकतन्त्रको हर्ताकर्ता, उद्योगपति आदिको चक्रमा परिरह्यौँ । उनीहरूको शोषणको दर्शन हामीमा भाग्यवाद बनेर गढिरह्यो, गढिरह्यो (पृ. १५९) । फलतः हामी पछि परिरह्यौँ भन्ने उनको गुनासो छ ।

दलितको सोझोपनको फाइदा उठाएर शासक र प्रभुत्वशाली वर्गले चरम शोषण गरेको कुरा उनको तलको भनाइले पनि स्पष्ट हुन्छ । जस्तै-

शासकको छातीमा कुँदिएको / अपराधको दाग छोप्ने दौरा जसले सिउँछः
वर्षौंदेखि ऊ नाङ्गो छ, भोको छ (पृ. १९) ।

तर विडम्बना समाजमा नाङ्गा र भोका बनाउनेहरूकै प्रशस्तिगान गर्न तछाडमछाड छ । नाङ्गा र भोकाका पक्षमा बोलिदिने बिरलै पाइन्छन् । अर्को कुरा यहाँ मानिस धनी गरिब, छुत अछुत, आफ्नो कर्मका कारण नभई जन्मतः हुने व्यवस्था छ । त्यसैप्रति छेलाङीको प्रश्न छ-

के कारण म जन्मकै कारण गरिब हुनुपर्छ / जन्मकै कारण अछुत हुनुपर्छ ?
अपहेलित र शोषित हुनुपर्छ ? / देशले त सोचेन / सोचेन र त सच्याएन गल्ती
तर के / मेरो बारेमा म आफैले सोच्न पाउन्न र ? (पृ. १३५)

आफ्नो दुरवस्थाका बारेमा सोच्न पनि नपाउने कस्तो विधि पद्धति हामीले विकास गऱ्यौँ । मान्छेलाई अछुत र गरिब बनाएर उनलाई दलित जातिमा झार्ने र सदा दलनमा पारिराख्ने मानव विरुद्धको मानवको षड्यन्त्रलाई यहाँ खुलस्त पार्ने प्रयत्न भएको छ । यस्तो दुरवस्थालाई राज्यले नियन्त्रण गरी विपन्न नागरिकको संरक्षण गर्नुपर्ने थियो तर नगरेकाले गुनासो छ (पृ. १५६) । तर शासकहरूलाई अप्ठ्यारो पर्दा वा पराजय व्यहोर्दा भने तिनै अछुत दलितको झुपडीमा पुग्ने गर्छन् र त उनले भनेका छन्-

पराजयको पीडाले पोलेपछि / झुपडी झर्दा रहेछन् शासकहरू
त्यही बेला हो जनताले जित्ने क्षण !" (पृ. ९२)

जित्नु त के थियो र, शासकले गरिब कज्याउन नरम व्यवहार देखाउनुलाई नै पनि जितेको ठान्नुपर्ने स्थिति हो । आफ्नो मतलब निस्केपछि "आरनमै हुक्का तान्ने राजालाई र जीहजुरी गर्ने छेउछाउका भारदारलाई" (पृ. ११३) कुनै चासो हुँदैन । त्यो त जेठी तरबार बुझाएको ठुलेप्रतिको व्यवहारले नै देखिएको छ । गरिबहरूको दुखपीडामा न धार्मिक न त शासकहरू नै संवेदनशील देखिएका छन् । धार्मिकहरू बुद्धको

सालिक तल मासु पसल थाप्ने, गीताको दर्शनलाई कर्मकाण्डले छोप्ने (पृ. १०), र गरिबका झुप्रा र भत्केका स्कुललाई गिज्याउने गरी चर्च र मन्दिर बनाउने होडबाजीमा छन् (पृ. ११) । त्यस्तै झण्डावाल गाडीले सडक अवरुद्ध पार्ने र फोस्रा भाषणको खेती गरेर बिताइरहेका छन् । देश मिचिएको वा बेचिएकोमा कुनै वास्ता छैन । तुइनमा झुन्डेका नानीहरू खोलामा खसेका, पुलहरू बनिनसक्दै भत्किन थालेका, हत्या र बलात्कार बढेका, रोजगारीका लागि विदेश गएका उतै बितेका, डढेलोले जङ्गल खाएको, गरिबीले समाज भत्केको, जतातातै रुवावासी चलेको अवस्था भए पनि “नागरिकको दुखमा / सत्ता रोएको कहिल्यै सुन्दिनँ किन होला ?” (पृ. ११) भन्ने प्रश्न छेलाडीको छ । उनको प्रश्नमा समकालीन नेपाली समाजको कुरूप तर यथार्थ चित्र आएको छ ।

महाकाव्यमा ऐतिहासिक कालदेखि वर्तमानसम्म नै शासकीय उदासीनता, लापर्बाही र गैरजिम्मेवारी रहेको र त्यसको मार सर्वसामान्यले झेल्नुपरेको देखाइएको छ (पृ.१०८) । ठुले कामीले राजासामु जेठी तरबारका बारेमा राजाको भ्रम चिर्नखोज्दा भारदारहरूले बोल्न दिएका छैनन् । त्यसमा छेलाडी टिप्पणी गर्छन्-

आखिर जहाँ पनि रोकिने भनेको त / ठुलेहरूकै आवाज न हो ! (पृ. १०८)

ठुलेहरू पहिलो कुरो त बोल्नै सक्दैनन् । बोल्ने हिम्मत गरे भने पनि बोल्न दिइन्न । आज बोलिहाले पनि त्यो आवाज अनेक तरहले दबाइन्छ ।

हुन त इतिहासदेखि वर्तमानसम्म धेरै शासक र शासन पनि फेरिए तर शासकहरूको अनुहार मात्रै फेरियो अवस्था फेरिएन भन्ने गुनासो पनि छेलाडीको छ (पृ. १३३) । “राज्यसत्तामा विवेक गुमेपछि / जनताले पाउने भनेकै दुख हो !” (पृ. १९८) त्यसैलाई छेलाडीले अनेक कोणबाट भनेका छन् । उनका भनाइ निकै मार्मिक पनि छन्-

हो, नागरिकता मेरै हो / नागरिकतामा टाँसिएको
दुई कान देखिने तस्विर पनि मेरै हो / बाँकी त मेरो भन्नु के छ र ? (पृ. ५२)
हाम्रो शिरमा त / आजैको घाम पनि प्रेमपूर्ण छैन / नदेखिने बादल छ हरदम । (पृ. १९३)
छाती उज्यालो नभएसम्म बाहिरी उज्यालोको के अर्थ ? (पृ. २२८)
भत्किँदै भत्किँदै गएको छ मान्छेको मन । (पृ. १८४) आदि ।

महाकाव्यको वर्तमान समयको शिक्षित पात्र छेलाडी विश्वकर्मामा प्रतिरोधको चेतना प्रशस्तै देखिएको छ । वर्तमानको खुला परिवेश र शिक्षाका कारणले पनि त्यो सम्भव भएको देखिन्छ । छेलाडीले नेपाली सामाजको राजनैतिक, धार्मिक, शैक्षिक, साहित्यिक, सामाजिक जस्ता अनेक विकृतिहरूलाई राम्रैसँग केलाएर तीप्रति प्रतिरोधको आवाज व्यक्त गरेको पाइन्छ । प्रतिरोधका नाममा उग्र अराजकतातिर भने उनी लागेका छैनन् । संयमित भई तार्किक ढङ्गमा चुनौतीपूर्ण स्वरमा उनले आफ्नो प्रतिरोधको आवाज राखेका छन् । जस्तै-

अब शासकहरूसँग प्रश्न गर्ने पालो मेरो हो / मलाई पूर्ण उत्तर चाहिन्छ, अधिकारपूर्ण उत्तर !
के त्यो पँधेरो मेरो होइन ? / त्यो धारा मेरो होइन ? त्यो कुवा मेरो होइन ? (पृ. १७४)
सर्वव्यापी भनिने देउता / गजुर र त्यो मन्दिर मेरो हो, होइन ?
त्यो नदीमाथिको पुल मेरो हो, होइन ? / त्यो डुङ्गा मेरो हो, होइन ?
त्यो स्कुल मेरो हो, होइन ? / त्यो अस्पताल मेरो हो, होइन ?
यदि मेरो होइन भने / ती सबैको निर्माणका लागि मैले खर्चेको
मेरो पसिनाको हिस्सा / मलाई फिर्ता देऊ, सक्छौ ? (पृ. १७४)
के साँच्चै भन्न सक्छौ- / त्यो झन्डा तेरो होइन / र यो देश तेरो होइन (पृ. १७५)
अब मलाई उत्तर चाहिन्छ- / सम्पूर्ण देश मेरो भन्न पाउन्नँ भने
यो झन्डाको कति अंश मेरो भागमा पर्छ / उत्तर कसले दिने हो ? (पृ. १७५)
भोट माग्न आएका नेताजस्तो / फुत्त फुत्त आउने उज्यालो होइन
हामीलाई स्थायी उज्यालो चाहिएको छ (पृ. १७)
हरेक शासकको उदयमा / मैले हारेजस्तो सत्य हो
तर तथ्य थाहा छैन / र मेरो हारमा तिम्रो पनि जीत छैन । (पृ. १९२)

इन्द्रेणी जीवन बाँच्न खोज्नेले / घाम र सिमसिम पानीसँग दुस्मनी गर्नुहुन्न । (पृ. १९२)
फुल नचिन्ने मौरीले / के मह खोज्ला ? (पृ. २२२)
हिजो तिम्रा बा वैरीको गर्धन च्यात्थे / आज तिमी आफ्नै देशको सीमा च्यातेर सत्तामा छौ
साइनो च्यातेर व्यभिचारमा छौ / संस्कार भुलेर बिक्रीमा छौ
समृद्धिको मुहान थुनेर गरिबीको गहिराइमा छौ / किन ? कसले दिन्छ यसको जबाफ ? (पृ.२३७)
राज्य गर्नु केही होइन, राजै हुनु पनि केही होइन
हेक्का रहोस्-राज गर्ने मैदान कसले बनायो ? (पृ. २४६)
यत्ति सम्झ- / धर्ती च्यातिएपछि त / आकाश ओढेर सुत्ने तीन फिट चिहान पनि पाइन्न
आफै जलेको धुवाँ पराइ आकाशमा उडेको दिन
तिमीलाई लाशले पनि सराप्ने छ मान्छे ! (पृ. २३९)

माथिका छेलाडीका भनाइहरूले शासक र राज्यव्यवस्थाको असक्षमता र कुनियतलाई राम्रैसँग प्रहार गरेका छन् । शासकका त्यस्ता निकृष्ट कर्मले देश र दलितहरूको जीवन कति कहरपूर्ण बन्यो भन्ने सङ्केत पनि त्यसमा रहेको छ । साथै ललकार वा चुनौतीको स्पष्ट भाषा पनि त्यहाँ छ ।

यस्तै धर्मको नाम दिएर मानिस मानिसबिच छुत र अछुतको विभाजन ल्याउनेप्रति पनि छेलाडीको प्रतिरोधको आवाज निकै तार्किक र रोषपूर्ण रहेको छ । जस्तै-

तिम्रा पुर्खाले त्यही आरनको आगो लगेर / खरानीमा छोपेर राखेका हुन्
तिम्रो भान्साको बिउ आगो !
आरन बिटुलो छ भने / तिम्रो भान्सा पनि बिटुलियो यही आगोको स्पर्शले
साच्चै भन अब तिम्रो भान्सा कसरी चोख्याउँछौ ? (पृ. २५४)

यस्तै आश्रम, मन्दिर, चैत्य, मूर्ति, त्रिशुल सुदर्शन चक्र, पूजाका भाँडालगायतका सामान हामीले नै बनाएको चल्ने, ती पवित्र हुने तर हामी निर्मातालाई अपवित्र वा अछुत मान्ने कस्तो धर्मशास्त्र हो ? कर्ता वा कारण अपवित्र भए कार्य वा परिणाम कसरी पवित्र हुन्छ ? हुन्छ भने अछुत कर्ताको सबै कृत्य फेरि किन पवित्र मानिन्न ? जस्ता तार्किक प्रतिरोधका प्रश्न छेलाडीले गरेका छन् ।

छेलाडीको प्रतिरोधको अर्को विषय भनेको आजसम्म शासक र उनका निकटको मात्रै इतिहास लेखियो । जित्ने ती मात्रै भए तर तिनलाई जिताउने वा युद्ध मैदानमा ज्यानको बाजी लगाएर लड्ने दलितको इतिहास लेखिएन । देश वा जितको जगका ढुङ्गा त दलित नै हुन् । तिनको इतिहास लेखिनुपर्छ । तर इतिहास लेख्छु भन्ने शासकका चाकरहरूले कहिल्यै त्यसरी सोचेनन् । कवि लेखकहरू पनि शासककै अन्धभक्त बनिदिए । अब त्यो काम हामी आफैले गर्छौं भन्ने दृढता छेलाडीको देखिन्छ । जस्तै-

जनताको ढाड टेकेर / राजाहरूको मात्र इतिहास लेखियो
परिणाम : श्रम छोपियो, श्रमिक छोपिए । (पृ. १७१)
आज मसँग न मेरो लिखित इतिहास छ / न मेरै जीवनको हिसाब ! (पृ. २४)
यो सीमान्तकृत जीवनको उत्सर्ग / कही भेटिन्न इतिहासमा, काव्यमा
भेटिन्छ त राजपाठको दरबारी कथा / र महारानीहरूको शृङ्गारिक उपमा ! (पृ. ९३)
शासकको इतिहास लेख्ने कलमहरू / झुप्रामा कहिल्यै आएनन्
र झुप्राहरू / शासकको दरबारमा पुग्ने समय पनि थिएन । (पृ. १२६)
न इतिहास लेखियो न वर्तमान सजिलो भयो
अनि कसरी खुल्छ भविष्य यस आरनको ? (पृ. १७३)
गढीमै / गाढिएको छ गढीकै इतिहास / सबभन्दा बढी भुँइमान्छेको इतिहास
श्रमिकको इतिहास / र सिर्जना को इतिहास । (पृ. १८१)
तिमीले पढेनौ भन्दैमा, तिमीले देखेनौ भन्दैमा / शासकहरू गुलाम भए भन्दैमा पराइको
म मेरो वीरताको आफ्नो इतिहास कसरी बिर्सूं ? (पृ. २३४)
तिमिले नलेख्दैमा नलेखिने होइन मेरो इतिहास / मेरो इतिहास मेरै प्रेमगीतमा छ
ताम्रपत्रमा छ, शिलापत्रमा छ / भोजपत्रमा छ / चट्टानको चेपमा छ
झरनाको झरझरमा छ, नदीको गतिमा छ / माटोको महकमा छ, बाको अनुहारमा छ

र आमाको दुधको धारामा छ / तर हृदय ढुङ्गा हुनेहरू यी सबैभन्दा टाढा टाढा हुन्छन् ! (पृ.२३४)
मलाई आफै बोल्नु छ आफ्नो कुरा / आफै आफै भन्नु छ आफ्नो कथा
र आफैले लेख्नु छ आफ्नो कथा । (पृ. २३५)
पराइले लेख्ने प्रायोजित इतिहास / कसरी मेरो हुनसक्छ ? (पृ. २४०)
कथाको फेदमा पुगेर / इतिहास लेख्न नसक्ने अध्येता
कसरी विद्वान् होला ? / कसरी होला इतिहासको ज्ञाता ?
किन बोल्दैनन्, इतिहासकारहरू, शासकहरू / किन बोल्दैनन् ज्ञाताहरू, अध्येताहरू
किन बोल्दैनन्, भुइँमान्छेका कथामा राजनीति गर्नेहरू/दलितको व्यथा टिपेर बिस्कुन बनाउनेहरू
र किन बोल्दैनन् / तिनका कथा लेखेर साहित्यकार बन्नेहरू ? (पृ. २२३)

कविले छेलाडीको इतिहास काव्यमा लेख्छु भनेर जाँदा पनि उनले सजिलै विश्वास गर्न सक्दैनन् । "तपाईंको मसी / तपाईंकै पौरखको आर्जन हो कि प्रायोजित ?" (पृ. ४) भन्दै प्रश्न गर्छन् । सत्ताको पाउमा कलम चढाउनेहरूलाई उनले कवि वा लेखक मान्दैनन् (पृ. १५) ।

त्यस्तै जात, धर्म, सत्ता, दल र स्वार्थसँग बाँधिएको कलमले हाम्रो कथा लेख्न सक्दैन भन्ने पनि उनको ठहर छ । त्यस्तै सधैँ आगोको जिन्दगी बाँच्ने हाम्रो कथा चिसा हात भएका तपाई जस्ताले लेख्न सक्दैन भन्छन् (पृ. १७) तर पनि लेख्छु भनेपछि उनी भन्छन्-

लेख ! मुटु फुटाएर रगतको अक्षर लेख
अक्षरकै लागि अक्षर त घुनले मकैमा पनि लेख्छ ! (पृ. २४४)

छेलाडीका उक्त भनाइमा दलितको मर्ममय पीडा निचोरिएर आएको छ । सधैं आरनको तातोमा सेकिएर पनि गरिबले शिशिर जस्तो कठ्याङ्ग्रिदो जीवन बाँचेका अनि इतिहासदेखि नै शासकको बुटले छाती डामेका उनीहरूको जीवन लेख्न त्यति सजिलो छैन । त्यो कल्पना, भावनाका अक्षरले लेखिँदैन । आँसुको अक्षरले वा मुटुको रगतले लेख्नुपर्ने चुनौती छ । आँसु वा मुटु नै नबुझेको र नभोगेकोले कसरी आँसु वा रगतको अक्षरमा लेख्न सक्लान् भन्ने उनको आशङ्का कायमै छ । त्यसैले भन्छन्-

अधिकारको झन्डा / मूलबाटोमा परेको दिन
हामी आफै लेख्छौँ आफ्नो कथा / र टाढा टाढासम्म सुनिने गरी
हामी आफै गाउँछौँ आफ्नो मुक्तिको गीत ! (पृ. १९)

यस्तै महाकाव्यमा देश बेचेर दौरा र स्वाभिमान बेचेर सत्ताको श्रीपेच लाउनेको कुरा मात्र आएको छैन; यहाँ त पत्नी बेचेर सिद्ध हुनेहरू, पति बेचेर प्राप्ति खोज्नेहरू, छोरी बेचेर सत्ता किन्नेहरू, छोरा भाकेर बलिपूजा गर्नेहरू पनि प्रसङ्गवश आएका छन् । अर्थात् सामाजिक, सांस्कृतिक विकृतिहरूप्रति पनि छेलाडीको प्रतिरोधको भाव कुनै न कुनै रूपमा प्रकट भएको छ ।

**जुनीमाया ठकुरी विश्वकर्मा :** महाकाव्यमा दलितको प्रतिरोध प्रस्तुत गर्ने एक मात्र नारी पात्र जुनीमाया हुन् । उनले आफू ठकुरी (छुत) जातकी भए पनि विश्वकर्मा (अछुत) सँग प्रेम गरेर विवाह गरेकी छन् । उनको यस्तो निर्णयप्रति माइती, आफन्त र समाज सबै प्रतिकूल भए पनि उनले कहिल्यै आफ्नो निर्णय गलत भएको ठानेकी छैनन् । दरबारभित्र बलात्कृत भएर राजकुमारी हुनुभन्दा स्वतन्त्रताको झुपडीमा रहेर स्वनिर्णयमा चल्न पाउनुलाई उनले ठुलो ठानेकी छन् । "मलाई आफू आफ्नै गोडामा उभिएर / आफू आफै भएर आफ्नै निर्णयमा बाँच्न मन छ " (पृ. २६१) भन्ने उनी स्वाभिमानी र अस्तित्ववादी जीवन्त पात्र हुन् । उनले मान्छलाई स्वविवेकमा चल्न दिनुपर्छ भन्ने आवाज उठाएकी छन् । माइती, आफन्त र समाज त प्रतिकूल थियो नै साथै गरिबीले पनि निकै पीडित छन् तर पनि लोग्नेबाहेक अरूसँग उनले आफ्नो आँसु देखाउँदिनन् । उनको यस्तो व्यवहार नै परम्परित वर्णव्यवस्थाप्रतिको सशक्त प्रतिरोध हो ।

त्यस्तै विद्यालयमा आफ्ना छोराछोरीप्रति अछुत भनी गरिएको भेदभावप्रति पनि उनी दृढ भएर विद्यालयका प्रधानाध्यापकसँग आफ्नो पक्ष राखेकी छन् । साथै आइन्दा यस्तो भए मुद्दा हाल्छु भनी चुनौती नै दिएकी छन् । उनले कविसँग भनेकी पनि छन्-

माइतीले नस्वीकारेकी चेली हुँ / आफन्तले वचन रोपेको आफन्ती हुँ
समाजले तिरस्कार गरेको नारी हुँ / राज्यले नहेरेको वर्ग हुँ

तर पनि बाँचेकै छु / मलाई प्रेमले उज्यालो दिएको छ
र आत्मविश्वासले बल दिएको छ / यही विश्वासको डोरी नछिने पुग्छ बाबु ! (पृ. २५८)

महाकाव्यमा देखिने कवि पात्र दलित वर्गका होइनन् तर उनी दलितकै पक्षबाट बोलेका देखिन्छन् । हुन त उनका कतिपय कुरा छेलाडीमार्फत आएका छन् भने कतिपय कवि आफैंले पनि प्रस्तुत गरेको पाइन्छ । जस्तै-

यो सृष्टिको पहिलो बिज / छुत थियो कि अछुत ? दलित थियो कि गैरदलित ? (पृ. २५०)
आरनको आगो लप्कामा / अन्तर अक्षर बनेर देखिन्छ / आत्मा, अनात्मा
चेतन, अचेतन / द्वैत, अद्वैत / वा यी सबैभन्दा माथि / एउटा कर्मयोगीको कर्म अस्तित्व !
समयले अस्तित्वमाथि नै धावा बोलिरहेछ किन ? (पृ. २६५)
नागरिकको एकबारको जुनी / शासकको सेवाकै लागि मात्र हो त ?
किन बोधो छ / धार बनाउनेकै जिन्दगी ? / किन लाग्दैन त्यो पसिनामा धार ? (पृ. २६७)

माथिको पहिलो भनाइले वर्णव्यवस्थाका नाममा मान्छेलाई गरिएको छुत अछुतको विभेदप्रति प्रश्न गरिएको छ भने अरू भनाइले श्रमजीवी दलितप्रति अन्याय भएको देखाएका छन् । महाकाव्य नै दलितका पक्षमा रहेकाले ती भनाइ पनि सोही सन्दर्भमा आएका हुन् ।

समग्रमा भन्दा यस महाकाव्यका ऐतिहासिक कालखण्डका ठुले कामी, उनका छोरा, श्रीमती, छिमेकी, गाउँले र छ जना सहयोगीजस्ता दलित पात्रहरू तत्कालीन शासकहरूबाट प्रशस्त उत्पीडित र त्रसित छन् । त्यसको प्रत्यक्ष मार ठुलेले ब्यहोरेको छ भने अरूले अप्रत्यक्ष ब्यहोरेका छन् । ती सबैले आफ्ना उत्पीडकलाई राम्रैसँग चिन्दछन् तापनि शासकीय त्रासका कारण अरूसँग स्पष्ट भन्न सकेका छैनन् । भन्न नसके पनि त्यस्ता उत्पीडक (शासक वा दरबार) को सङ्गत नगर्ने, भोकै बस्नुपरे पनि तिनीहरूसँग हात थाप्न नजाने, उनीहरूले कुनै पनि किसिमको जानकारी लिन आए मौन बस्ने, बोल्नै परे थाहा छैन भनेर टार्ने जस्ता प्रतिरोधका काम गरेका छन् । यस्तै पछिल्लो कालखण्ड वा वर्तमान समयका छेलाडी र जुनीमायाले भने आफूहरूले ब्यहोरेको अनेक क्षेत्रका उत्पीडनहरूलाई सशक्त रूपमा भन्ने र त्यसप्रति सुझबुझपूर्ण ढङ्गमा प्रतिरोध गर्ने काम पनि गरेका छन् । साथै दलितले राष्ट्रनिर्माणमा गरेको योगदानका आधारमा नयाँ इतिहास लेखिनुपर्ने पनि कुरा यहाँ आएको छ । त्यसैले दलितको आवाज र प्रतिरोधको स्वर यस महाकाव्यमा अर्थपूर्ण ढङ्गमा अभिव्यक्त भएको छ । यो यस महाकाव्यको महत्वपूर्ण प्राप्ति हो ।

**निष्कर्ष**

नवराज लम्सालको अग्नि (२०७८) महाकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित भए पनि वर्तमान चेतनाबाट लेखिएको मौलिक महाकाव्य हो । यस महाकाव्यको केन्द्रीय विषय नै दलित उत्पीडनको निरूपण हो । महाकाव्यमा नेपाली समाजमा सयौं वर्ष अघिको इतिहासदेखि वर्तमानसम्म अछुत तुल्याइँदै आइएको लौहकर्मी व्यवसायी (कामी वा विश्वकर्मा) को व्यथामय जीवनकथालाई केन्द्रमा राखेर प्रस्तुत गरिएको छ । त्यसैले यो दलित विमर्शका दृष्टिले अर्थपूर्ण महाकाव्य हो ।

यस महाकाव्यमा दलित उत्पीडनको निरूपण गर्दा जातीय विभेदलाई केन्द्रमा राखिएको छ । त्यसको प्रतिनिधित्व यहाँ ठुले कामीले गरेका छन् । उनी आफ्नो पेसामा प्रतिभाशाली, लगनशील, मेहनती र इमान्दार छन् । राज्यले चाहेअनुरूप उनले आफ्नो योगदान पनि गरेको छन् तर सत्ताले उनलाई उपेक्षित तिरस्कृत मात्रै होइन, लाञ्छित नै गरेको छ । सत्ताले साधुलाई सुलीको व्यवहार गरेकाले उनको त्रासद अन्त्य भएको छ । त्यस त्रासको पराकम्प उनका परिवार, समाज र पछिल्ला पुस्ताहरूमा पनि देखिएको छ । महाकाव्यमा त्यसैका माध्यमले उत्पीडक र उत्पीडितको स्थिति देखाइएको छ । उत्पीडक वा सत्ता फेरिए पनि उत्पीडन गर्ने प्रवृत्ति फेरिएको छैन । रूप फेरिए पनि उत्पीडनको पीडा उस्तै उस्तै छ ।

महाकाव्यमा हिन्दूधर्मको वर्णव्यवस्थाका नाममा सिर्जना गरिएको छुत र अछुत जातको विभाजन र त्यसले दलितका अछुत जातिप्रति गरिने निकृष्ट प्रकृतिको सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक र राजनीतिक शोषणलाई राम्रैसँग उत्खनन गरिएको छ । जुनीमाया ठकुरीले छेलाडी विश्वकर्मासँग गरेको प्रेम विवाह र त्यसपछि उत्पन्न भएका जटिलतम परिस्थितिहरूमार्फत यसलाई प्रस्तुत गरिएको छ । वर्तमान समयमा पनि छुत जातिको अछुत जातिसँग प्रेमविवाह भए सबैको बहिष्करणमा परी आफ्नो थातथलो

छाड्नुपर्ने, बेसी झरे पनि मानिसहरूले हियाउन नछाड्ने अवस्थाले नेपाली समाजमा जातीयताका नाममा अमानवीयताको जरो दरै रूपमा गढेको देखिएको छ ।

इतिहासमा भन्दा वर्तमानमा दलितप्रतिको उत्पीडन अझ चर्को छ । छेलाङी र जुनीमायालाई उनका परिवार र समाजले गरेको बहिष्करणको व्यवहारबाट त्यो स्पष्ट देखिएको छ ।

महाकाव्यमा दलित आफूप्रति भएको वा गरिएको ज्यादतीबाट राम्रै जानकार छन् । इतिहासमा त्यसलाई उत्पीडकसँग सोझै व्यक्त गर्न सक्दैनथे तर वर्तमानमा स्थिति फेरिएको छ । शिक्षाको सञ्चार उनीहरूमा पनि भएको छ । छेलाङी त्यसका उदाहरण हुन् । त्यस्तै छुत मानिनेले पनि "अछुत जात" को धारणा अस्वीकार गरी तीसँग प्रेमविवाह गरेका छन् । जुनीमाया ठकुरी त्यसकी प्रतिनिधि पात्र हुन् ।

महाकाव्यमा दलित आफ्नो पीडा कथन मात्रै नगरी त्यसको तार्किक र व्यावहारिक प्रतिरोधमा पनि अग्रसर देखिएको छ । तार्किक प्रतिरोध बढी छेलाङीबाट प्रकट भएको छ भने व्यावहारिक प्रतिरोध जुनीमायाबाट भएको छ । कवि पात्रले उनीहरूको समर्थन नै गरेका छन् । त्यसैले छेलाङी र जुनीमायामार्फत महाकाव्यको दृष्टिकोण प्रकट भएको पनि स्पष्ट हुन्छ ।

महाकाव्यले जात, धर्म, लिङ्ग, अर्थ, शिक्षा, पेसा, शक्ति, राजनीति जस्ता कुनै पनि आधारमा मानव मानवबिच उपेक्षा, घृणा र विद्वेष सिर्जना गरिनुहुन्न; मानिस जन्मले होइन, कर्मले श्रेष्ठ हुने हो; मानवलाई केन्द्रमा राखेर गरिने कर्म नै श्रेष्ठ कर्म हो; मानवताभन्दा श्रेष्ठ कुनै धर्म हुन्न; धर्म सदैव सकारात्मक धारणा हो; श्रम र श्रमिकप्रति सम्मानको भाव राख्नुपर्छ; राज्यले दलितलाई उत्पीडन होइन सके सकारात्मक विभेदको नीति लिएर उकास्नतिर लाग्नुपर्छ; नभए अरू नागरिक सरह त अधिकार दिनै पर्छ; मान्छे स्वविवेकमा स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ जस्ता समाज सुधारका सकारात्मक स्वर सन्देशका रूपमा सञ्चार गरेको छ ।

यति हुँदा हुँदै पनि कतिपय परिसीमा पनि देखिएका छन् । जस्तै- छेलाङीको उच्च बौद्धिकता, जुनीमायाका ८/ ८ वटा छोराछोरी र कविले गरेको आदर्श कल्पना त्यति स्वाभाविक छैनन् । त्यस्तै छेलाङी र जुनीमायाले सामाजिक प्रतिरोध सहन नसकी मूल थातथलो छाडेर फेदी झर्नु, छेलाङीले तार्किक प्रतिरोध गरे पनि व्यावहारिक प्रतिरोध गरेको नदेखिनु पनि आलोचनाका विषय हुन् । त्यसबाहेक दलित लेखनका कोणबाट हेर्दा गैर दलित नवराज लम्सालले रचेको यस महाकाव्यमा राजा हेमकर्णलाई भन्दा उनका भारदारलाई बढी दोषी देखाउने र छेलाङीलाई आस्तिक वा परम्परित धर्म र ईश्वरप्रति अनुरक्त नै तुल्याउने जुन काम भएका छन् ती पनि आलोचनाकै घेरामा पर्दछन् ।

**स्वार्थको द्वन्द्व**

*यो लेखकसंग कुनै प्रकारको स्वार्थको द्वन्द्व छैन ।*

**कृतज्ञता ज्ञापन**

*प्रस्तुत लेख अनुसन्धान तथा आविष्कार केन्द्र, त्रि.वि. पृथ्वीनारायण क्याम्पस पोखराद्वारा सन् २०२३ मा प्रदान गरिएको अनुसन्धान अनुदान प्राप्त गरी सम्पन्न गरिएको अनुसन्धान प्रतिवेदनको आधारमा तयार पारिएको हो । संलग्न पदाधिकारी तथा सदस्यज्यूहरूप्रति आभारी छु । साथै लेख पढी उपयुक्त सुझाव दिएर यसलाई परिमार्जन गर्न सहयोग पुऱ्याउने विषय विज्ञज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।*

**सन्दर्भ सामग्रीहरू**

आहुति (२०७५), *नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष,* तेस्रो सं, फिनिक्स बुक्स ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* अक्षर क्रियसन्स नेपाल ।

खनाल, सुलोचना (२०८०), नवराज लम्सालको अग्नि महाकाव्यमा सीमान्तीयता : वर्ग, जाति र प्रतिरोध चेतना, पृथ्वीनारायण क्याम्पस, अनुसन्धान तथा आविष्कार केन्द्रको लघु अनुसन्धानपत्र ।

गिरी, अमर (२०७०), सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, *भृकुटी,* भाग १९, भृकुटी एकेडेमिक पब्लिकेसन, पृ. ११-४६ ।

पाण्डेय, मैनेजर (सन् १९९८), दलित चेतना, *सोच,* नव लेखन प्रकाशन ।

राष्ट्रिय दलित आयोग (सन् २०२२) *दलित जातीय अनुसूची* ।
https://ndc.gov.np/storage/listies/June2022/Anusuchi_News_2074.pdf

राष्ट्रिय मानव अधिकार अयोग, दलित समुदायको मानव अधिकारको अवस्था प्रतिवेदन (२०७६-०७७), जातीय छुवाछुत तथा भेदभाव, https://www.nhrcnepal.org/uploads/publication/Dalit_HR_status_report_for_webpage_compressed.pdf , पृ ७५-८२ ।

लम्साल, गणेश (२०७२ चैत्र २५), यी जोडी, जसले प्रेमको सजायँ भोग्दैछन् !, https://www.onlinekhabar.com/2016/04/411493

लम्साल, नवराज (२०७८), *अग्नि,* बुक हिल पब्लिकेसन ।

वाल्मीकि, ओमप्रकाश (सन् २०१९), *दलित साहित्यका सौन्दर्यशास्त्र,* तेस्रो सं., राधाकृष्ण प्रकाशन प्रा.लि. ।

सुवेदी, राजाराम (नभएको), मकवानपुर राज्य, https://himalaya.socanth.cam.ac.uk/collections/journals/ancientnepal/pdf/ancient_nepal_147_05.pdf

शर्मा, मोहनराज (२०७०), अवरजन अध्ययन र साहित्य *भृकुटी,* भाग १९, भृकुटी एकेडेमिक पब्लिकेसन, पृ. ३१४-३२५ ।